# स्थानीय राजपत्र

**सियारी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्डः ६ सियारी, जेष्ठ ३० गते, २०७९ साल संख्याः ०२ अतिरिक्त**


## भाग–२

स्थानीय सरकार
### सियारी गाउँपालिका, रूपन्देही

सियारी गाउँपालिकाको मिति २०७९।०२।२९ गतेको कार्यपालिका बैठकले बनाएको तल उल्लेख भए बमोजिमको "सियारी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७५" (दोस्रो संशोधन २०७९) सम्वन्धि विषय स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सियारी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन २०७९)

कार्यपालिकाको मिति २०७९।०२।२९ को निर्णय अनुसार "सियारी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-

२०७५" मा तपसिल बमोजिम दोस्रो संशोधन गरिएको छ। यस पछि कार्यविधिको नाम "सियारी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७५" (दोस्रो संशोधन २०७९) रहने छ।

१. दफा (२) को परिभाषाको (च) पछि देहायको (छ,ज,झ) थप गर्नेः

(छ) **"करार सेवा"** भन्नाले कुनै खास अवधिको निमित्त विशेष सेवा कामको लागि लिनु पर्ने सेवा र शर्त राखि गरिएको सम्झौता सम्झनु पर्दछ।

(ज) **"दैनिक ज्यादालारी"** भन्नाले अति आवश्यक प्राविधिक, सरसफाई,कार्यालय सहयोगी तथा सवारी चालक जस्ता काममा जिल्ला दलररेटमा नबढ्ने गरी दैनिक ज्यालादारी भुक्तानी दिने गरी सेवा लिने कार्यालाई सम्झनु पर्दछ।

(झ) **"कार्यालय समय"** भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय सम्झनु पर्दछ।

२. दफा ४ को उपदफा (३) ङ पछि देहायको च. थप गर्नेः

च. सिफारिसको आधारः प्राविधिक कर्मचारीको हकमा संक्षिप्त सूची (Short list) बाट प्राप्त अंकको २५ प्रतिशत अंक र लिखित परीक्षा तथा अन्तरवार्ताबाट प्राप्त जम्मा अंकको योगफलबाट उम्मेदवारको योग्यताक्रम कायम गरी नियुक्तिको लागि सिफारिस गरिनेछ। अन्य कर्मचारीको हकमा अन्तरवार्तामा प्राप्त अंकको आधारमा योग्यताक्रम कायम गरी नियुक्तिको लागि सिफारिस गरिनेछ।

३. दफा ४ को उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नेः

(५) छोटो अवधीको लागि सेवा करारमा लिनुपर्दा लिखित परीक्षा तथा सीप परीक्षण नगराई अन्तरवार्ता मात्र लिइनेछ ।

प्रमाणिकरण मिति २०७९।०२।३०

आज्ञाले
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत